# नीलकण्ठ राजपत्र

नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९)   धादिङवेसी, धादिङ   (संख्याः २   मितिः २०८२।०३।२५


## भाग - १

नीलकण्ठ नगरपालिका

## नीलकण्ठ नगरपालिकाको विनियोजन ऐन, २०८२

**नगर सभावाट स्वीकृत मितिः २०८२।०३।२०**

नीलकण्ठ नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** नीलकण्ठ नगरपालिकाको २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम नीलकण्ठ नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नीलकण्ठ नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेबाट प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२।०८३ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०८२/०८३ को निम्ति नगर कार्यपालिका, वडा समिति, विषयगत शाखा, स्वास्थ्य संस्था र विद्यालयले गर्ने सेवा र कार्यहरुका निम्ति अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,२५,९७,२२,६६३/- (अक्षेरुपी एक अरब पच्चिस करोड सन्तानब्बे लाख बाईस हजार छ सय त्रिसठ्ठी रुपैया मात्र)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निम्ति नीलकण्ठ नगरपालिका, नगर कार्यपालिका, वडा समिति, विषयगतशाखा, स्वास्थ्य संस्था र विद्यालयले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरिनेछ। राजश्व तथा अनुदान प्राप्तिको अनुमान, व्ययको प्रक्षेपण, क्षेत्रगत व्ययको प्रक्षेपण तथा स्रोत मिलानको व्यवस्था अनुसूचि २ देखी ५ सम्म रहेको छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति, विषयगत शाखा, स्वास्थ्य संस्था र विद्यालयले गर्ने सेवा र कार्यहरुको निम्ति विनियोजन गरेको रकम मध्ये योजना तथा कार्यक्रममा विभिन्न कारणबाट रकमान्तर गर्नुपर्ने वा थप आकस्मिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्न भएमा, नगर कार्यपालिका तथा वडास्तरबाट निर्दिष्ट योजना तथा कार्यक्रम नतोकी राखिएको बजेटबाट योजना तथा कार्यक्रमको निर्धारण एवम् अन्तर शीर्षक रकमान्तर तथा शीर्षक परिवर्तन एवम् संशोधन गर्नुपर्ने भएमा नगरप्रमुख स्तरीय निर्णय अनुसार कार्यक्रम सञ्चालन गरी निकासा तथा खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वीकृत बजेट सिलिङ्ग भित्र रही एक शीर्षकबाट अर्को शीर्षककमा वा विनियोजन भएको योजना तथा कार्यक्रम विभिन्न कारणबाट रकमान्तर गर्नुपर्ने देखिएमा स्वीकृत बजेट सिलिङ्ग भित्र रही २५ प्रतिशतसम्म रकमान्तर नगर प्रमुख स्तरीय निर्णयबाट र सो भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले,
पुरुषोत्तम सुवेदी,
प्रमुख प्रशासकीय अधिकृत